म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ४२ २०८१ पुस १४ गते आइतबार 29 December 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## कुटपिटबाट घाइते गोपालीको मृत्यु

हेटौँडा : गत सोमबार (पुस ८ गते) राती ८ बजेको समयमा मकवानपुर जिल्लाको थाहा नगरपालिका-१०, मूलगाउँमा कुटपिटबाट घाइते ५३ वर्षीय हिराकाजी गोपालीको उपचारको क्रममा शुक्रबार मृत्यु भएको छ । सोमबार राती आगो ताप्ने क्रममा विवाद हुँदा ४७ वर्षीय जयराम गोपालीले हिराकाजीमाथि कुटपिट गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जयरामको कुटपिटबाट घाइते भएका हिराकाजीको काठमाडौंस्थित दीर्घायु अस्पतालमा उपचारको क्रममा शुक्रबार मृत्यु भएको प्रहरीले जनाएको छ । जयराम गोपाली प्रहरी नियन्त्रणमा रहेको छ । प्रहरीले घटनासम्बन्धमा अनुसन्धान गरिरहेको जनाएको छ ।

# संसदीय समितिको निर्णय अवज्ञा गर्दै बागमती सरकार

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभा अन्तर्गतको संसदीय समितिका निर्णयहरु कार्यान्वयनमा प्रदेश सरकार गैरजिम्मेवार बन्दै गएको छ । प्रदेश सरकारले संसदीय समितिको निर्णय तथा निर्देशन कार्यान्वयन नगर्ने गरेको देखिन्छ । संसदीय समितिहरुले विगतदेखि नै सरकारको काम कारवाहीलाई व्यवस्थित गर्न र नागरिकहरुको सेवा प्रवाह तथा विकास निर्माणलाई प्रभावकारी रुपमा अघि बढाउन दिएको निर्देशनलाई प्रदेश सरकारले अवज्ञा गर्ने गरेको छ । संसदीय समितिको बैठकमा विभागीय मन्त्री तथा मन्त्रालयका सचिवहरु नै उपस्थित भएर छलफलपछि गरिएको लिखित निर्णय समेत सरकारले अवज्ञा गर्ने गरेको छ ।

गत भदौमा बसेको प्रदेश मामिला समितिको बैठकले विपद् व्यवस्थापनका लागि विज्ञ नियुक्त गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई निर्देशन दिएको थियो भने विपद् प्रतिकार्यमा प्रभावकारी काम गर्न निर्देशन दिएको थियो । तर, मन्त्रालयले उक्त विषयमा हालसम्म कुनै पनि कार्य अघि बढाएको छैन । विपद् प्रतिकार्यमा भुगोल विपद्को भूमिका महत्वपूर्ण हुने भन्दै दिएको निर्देशनमा मन्त्रालयले चासो दिएको देखिँदैन । उक्त समितिले प्रदेश लोकसेवा ऐन संशोधन गर्न समेत निर्देशन दिएको थियो । तर, सरकारले उक्त ऐन संशोधन गर्न कुनै प्रक्रिया नै सुरु गरेको छैन । ऐन संशोधन नहुँदा लोकसेवा आयोगको काम कारवाही तथा परीक्षा समेत प्रभावित भएको छ । प्रदेशको उद्योग पर्यटन तथा वातावरण समितिले प्रदेश वन ऐन संशोधन गर्न र मन्त्रालयमा वातावरण महाशाखा खडा गर्न निर्देशन दिएको थियो । उक्त विषयमा मन्त्रालयले न ऐन संशोधन गर्न विधेयक तयार गरेको छ भने न वातावरण महाशाखा खडा गरेको छ ।

यता संसदीय समितिले लिखित रुपमा पत्रचार गर्दा समेत मन्त्रालयहरुले निर्देशन र निर्णयहरु पालना नगर्ने गरेको देखिन्छ । गत मंसिर ११ मा प्रदेशसभाको शिक्षा स्वास्थ्य तथा कृषि समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपद् प्रभावित विद्यालयका लागि बजेट व्यवस्था गर्न लिखित रुपमा निर्देशनसहित पत्र पठाएको थियो । समितिले विपद् प्रभावित कृषि तथा पशुपन्छी क्षेत्रमा बजेट व्यवस्था गर्न पनि पत्र लेखेको थियो । समितिले गत मंसिर ३ मा बसेको बैठकले निर्णय गरी गरेको उक्त पत्राचारको जवाफ समेत फिर्ता नगरेको समितिकी सचिव हेमा न्यौपानेले जानकारी दिनुभयो ।

उता प्रदेशको सार्वजनिक लेखा समितिले विषयगत सबै मन्त्रालयलाई पत्राचार गर्दै विकास निर्माणका आयोजनाको विवरण माग गरेको थियो । सबै मन्त्रालयलाई गरिएको उक्त पत्रचार अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयले लिखितरुपमा विवरण पाएको र अन्य कुनै पनि मन्त्रालयले विवरण नपठाएको समितिका सचिव सुदर्शन तिमल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले विवरण तयार पारिरहेको भन्दै बोधार्थसहित जवाफ पठाएपनि विवरण भने अझै प्राप्त भएको छैन ।

विवरण प्राप्त नभएपछि समितिको गत पुस ५ गते बसेको बैठकले पुनः लिखित रुपमा पत्राचार गर्न निर्देशन गरेको थियो । समितिको बैठकले लिखित र मौखिक रुपमा पत्राचार गर्न गरेको निर्देशन अनुसार प्रदेशका सबै मन्त्रालयहरुलाई पुस ९ मा पत्र काटिएको समितिका सचिव तिमल्सिनाले जानकारी दिनुभयो । पत्राचार भएपनि हालसम्म कुनै विवरण प्राप्त नभएको उहाँको भनाइ छ । समितिले अनुगमनका लागि विकास आयोजनाको विवरण माग गरेको र विवरण प्राप्त भएपछि अनुगमन सुरु गर्ने समितिको तयारी रहेको उहाँले बताउनुभयो । तर, मन्त्रालयहरुले विवरणहरु नपठाउँदा कार्ययोजना अनुसार काम गर्न कठिन भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार मन्त्रालयहरुसँग मौखिक रुपमा विवरण माग गर्दा तयार हुँदै गरेको जवाफ दिने तर, नपठाउने गरेका छन् ।

## मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौँडा : धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३, रिचोकटारको भित्रि सडकखण्डमा रोकिराखेको ट्रकमा मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रबार राती १० बजेर ५० मिनेटको समयमा भित्रि सडकखण्डमा मलेखुबाट खानीगाउँतर्फ जाँदै गरेको बा प्र ०३-०१३ प ७८०१ नम्बरको मोटरसाइकल रोकिराखेको बा प्र २-०३-००१ क ००६३ नम्बरको ट्रक पछाडि ठोक्किएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मोटरसाइकल चालक बेनिघाट रोराङका २४ वर्षीय रामकृष्ण कँडेल र पछाडी सवार १६ वर्षीया सुजिता घले गम्भीर घाइते भएका थिए । घाइते दुबैलाई उपचारका लागि राजमार्ग अस्पताल मलेखु लगिएको थियो । उपचारको क्रममा चालक कँडेलको राती ११ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । पछाडी सवार घलेलाई थप उपचारका लागि काठमाडौंस्थित केएमसी अस्पताल लगिएको छ । ट्रक चालक बेनिघाट रोराङका २६ वर्षीय कुमार परियारलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# १५० जनाको मोतिविन्दुको शल्यक्रिया

समाज संवाददाता

हेटौँडा : हेटौँडा सामुदायिक आँखा अस्पतालमा शनिबार १५० जनाको मोतिविन्दुको शल्यक्रिया भएको छ । मकवानपुरको कैलाश गाउँपालिका, बकैया गाउँपालिका, बारा, रौतहट जिल्लाका गरी १५० जना मोतिविन्दु भएका बिरामीको आँखाको शल्यक्रिया गरिएको सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

कैलाश गाउँपालिकामा रहेको ग्रामीण आँखा केन्द्रले संचालन गरेको शिविरमा १६० जनाको आँखा परीक्षण गर्दा ५० जनामा मोतिविन्दु देखिएको थियो । केन्द्रले मंसीर २२ गते भाल्टारमा सञ्चालन गरेको शिविरमा हेटौँडा सामूदायिक आँखा अस्पतालको चिकित्सक तथा स्वास्थ्यकर्मीले आँखा परीक्षण गरेका थिए । पालिकामा मोतिविन्दु भएकाहरुलाई चरणवद्धरुपमा शल्यक्रिया गर्ने क्रममा अब १० जनाको मोतिविन्दुको शल्यक्रिया गर्न बाँकी रहेको छ ।

यस्तै, मकवानपुरको बकैया गाउँपालिकामा १४ जनामा मोतिविन्दु पुष्टि भएकोमा शनिबार १३ जनाको शल्यक्रिया भएको श्रेष्ठले जानकारी दिनुभयो । बिहीबार हेटौँडा सामुदायिक आँखा अस्पताल, बकैया गाउँपालिका र बकैया सामुदायिक आँखा केन्द्रको सहकार्यमा बकैया अस्पतालमा भएको निःशुल्क शिविरमा २५० जनाको परीक्षण गरिएकोमा १४ जनामा मोतिविन्दु पुष्टि भएको थियो ।

यस्तै अन्य विभिन्न स्थानमा भएको शिविरबाट आएको १२७ जनाको पनि शल्यक्रिया गरिएको व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो । सामुदायिक आँखा अस्पतालले विभिन्न स्थानमा आयोजना गरेको आँखा शिविरमा सहकार्य गर्दै मोतिविन्दुका समस्या देखिएकाहरुको अस्पतालमा नै ल्याएर निःशुल्क शल्यक्रिया गर्दै आएको श्रेष्ठले जानकारी दिनुभयो ।

## आजदेखि मौसम सुधार हुने

समाज संवाददाता

हेटौँडाः शुक्रबार रातिदेखि बदली भएको मौसम आज आइतबारदेखि सुधार हुँदै जानेछ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार आज राति पनि अहिले जस्तै बदली कायम रहने भन्दै आइतबार बिहानदेखि मौसम क्रमशः सुधार हुँदै जाने जानकारी गराएको हो ।

विभागका मौसमविद् सञ्जीव अधिकारीले अहिले राति पनि देशभर बदली रहेको र पश्चिम नेपालका केही ठाउँमा वर्षा भइरहेको जानकारी दिए । उनले कालीकोट, डडेलधुराका केही स्टेसनमा १० मिलिमिटरभन्दा बढी पानी परेको बताउँदै कर्णाली र सुदूरपश्चिम प्रदेशमा अन्य प्रदेशमा भन्दा बढी पानी परेको उल्लेख गरे । लुम्बिनीका केही क्षेत्रमा हल्का पानी परेको भन्दै हुम्लासहित हिमाली क्षेत्रमा बाक्लो हिउँ परिरहेको उनले जानकारी दिए ।

महाशाखाले शनिबार साँझ जारी गरेको बुलेटिनअनुसार हाल देशमा पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव कायम रहेको जनाइएको छ । 'हाल देशभर साधारणतयादेखि पूर्णतया बदली रहेको छ । देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपात हुनाका साथै सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानमा हल्का वर्षा भइरहेको छ', महाशाखाले उल्लेख गरेको छ । आगामी २४ घण्टामा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका केही स्थानमा, लुम्बिनी प्रदेश र कोशी प्रदेशका थोरै स्थानमा तथा बाँकी प्रदेशहरूका एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहनेछ ।

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।



- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-
- **दरखास्त दिने अन्तिम मिति** : २०८१ पुस १२ गते शुक्रबार
- **अन्तरवार्ता मिति** : २०८१ पुस १४ गते आइतबार बिहान ११:३० देखी २: ३० बजेसम्म

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**

**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## सञ्चालनमा आयो

## पशुपति ईभी चार्जिङ स्टेशन

हेटौँडा-४ पशुपति मन्दिरअगाडि

पशुपति ईभी चार्जिङ सेन्टर



**६ वटा चार्जिङ युनिटसहित**

**सम्पर्कः ९८५५०६८८७३**



# सम्पादकीय

## समयानुकूल पाठ्यक्रम

विद्यालय तथा विश्वविद्यालयमा सिकाइ सहजीकरण गर्न तयार पारिएको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । विद्यार्थी वा सिकारुहरुको सिकाइलाई प्रभावकारी बनाउन पाठ्यक्रम तयार पारिन्छ । पाठ्यक्रम शैक्षणिक योजना र कार्यक्रमको संगठन पनि हो । कुनै पनि देश वा समाजको आवश्यकताबमोजिम पाठ्यक्रम तयार गरिन्छ । विद्यार्थीको सर्वाङ्गीण पक्षको विकासका लागि तयार पारिएका दस्तावेज, वृहत् योजना र शैक्षिक प्रक्रियाको समग्र रुपलाई पाठ्यक्रम भन्न सकिन्छ । पाठ्यक्रमले विद्यार्थीको शारीरिक, बौद्धिक, सामाजिक, नैतिक, आध्यात्मिक तथा सौन्दर्यात्मक विकासमा सहयोग पुऱ्याउन सक्नुपर्छ । पाठ्यक्रममा यसको ढाँचा, सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतिकरण, मूल्यांकन प्रक्रिया आदि समावेश गरिएको हुन्छ । यसकारण पाठ्यक्रमलाई समग्र सिकाइ प्रक्रियाको मुटु मान्न सकिन्छ । सिकाइ सहजीकरण र शैक्षणिक उपलब्धि सुनिश्चित गर्न समयानुकूल पाठ्यक्रम र त्यसको प्रभावकारी प्रयोग आवश्यक हुन्छ ।

शैक्षिक पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गर्नुपर्नेमा राजनीतिक नेतृत्व पनि जानकार छ । सरकारी प्रयत्न र राजनीतिक इच्छाशक्तिबाटै देशका राज्यका नीति, कार्यक्रम, नियम, कानुन बन्ने हुन् । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले शैक्षिक पाठ्यक्रम समयानुकूल परिमार्जन गर्नुपर्ने बताउँदै आएका छन् । हालको पाठ्यक्रमले प्रभावकारीरुपमा व्यावसायिक जनशक्ति उत्पादन गर्न नसकेको उनको भनाइ छ । शुक्रबारमात्र पनि हेटौंडास्थित मकवानपुर बहुमुखी क्याम्पसको व्यवसाय इन्क्युवेशन सेन्टर उद्घाटन गर्दै मुख्यमन्त्री लामाले बजारको मागअनुसारको व्यावसायिक तथा दक्ष जनशक्ति उत्पादनमा शिक्षालाई जोड्न आवश्यक रहेको बताएका छन् । व्यावसायिक र व्यवहारिक शिक्षासहित बजारको माग अनुसारको जनशक्ति उत्पादनमा अग्रसर हुन जरुरी रहेको मुख्यमन्त्री लामाको भनाइ छ ।

समयानुकूल पाठ्यक्रम निर्माण गरी प्रभावकारीरुपमा लागू गर्न नसकेकै कारण मुलुकको शैक्षिक जनशक्ति समयसापेक्ष बन्न नसकेको मान्न सकिन्छ । विश्वका अन्य देशहरुको शिक्षा र नेपालको शिक्षा प्रणालीमा धेरै अन्तर छ, जसको एउटा प्रमुख कारण हाम्रो पाठ्यक्रम हो । पाठ्यक्रम सिकाइ प्रक्रियाको प्रमुख अंग भएका कारण यसले निर्धारण गरेका सक्षमता देशको आवश्यकता र वास्तविकतामा आधारित हुनुपर्छ र त्यसलाई पाठ्यक्रमले भनुअनुसार हासिल गर्न/गराउन सक्नुपर्छ । मुलुकको आर्थिक क्षेत्रको विकास नभएकै कारण समग्र विकास कमजोर भएकाले औद्योगिक क्षेत्रसँग समन्वय गरेर अध्ययन अध्यापनको मोडल निर्माण गर्नुपर्नेमा मुख्यमन्त्री लामाले जोड दिएका छन् । देश संघीयतामा गएपछि तीन तहको सरकार क्रियाशील छ । शिक्षासम्बन्धी अधिकार तीनै तहको सरकारसँग भएकाले समयानुकूल पाठ्यक्रम निर्माण र परिमार्जनका लागि प्रदेश सरकारले पनि भूमिका निर्वाह गर्ने मुख्यमन्त्रीले बताएका हुन् ।

कुनै पनि देशको शिक्षाको गुणस्तरलाई त्यहाँको पाठ्यक्रमले निर्धारण गर्दछ । देशको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रुपमा पाठ्यक्रम रहेको हुन्छ । शैक्षिक संस्थाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरुले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगतरुपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गरेको हुन्छ । विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमता समयानुकूल परिवर्तन भइरहेको हुन्छ । यसकारण पाठ्यक्रमलाई समयानकूल परिमार्जन गर्दै जानुपर्ने आवश्यकता रहन्छ । नेपालमा विद्यालय तहको पाठ्यक्रमलाई प्रत्येक ५ वर्षमा परिमार्जन र १० वर्षमा परिवर्तन गर्ने नीति लिइएको भए पनि पूर्णरुपमा लागू हुन सकेको छैन । परिमार्जन र परिवर्तन गरिएको पाठ्यक्रम पनि पनि समयानुकूल उपयुक्त देखिँदैन । यसले देशको शैक्षिक जनशक्ति कमजोर साबित भइरहेको छ भने अधिकांश नेपाली विद्यार्थी उच्च शिक्षाका लागि विदेशिने क्रम बढिरहेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : भेटघाट र रामरमाइलोमा समय व्यतित होला ।
- **वृष** : परीक्षा र प्रतियोगितामा सफल भइने समय छ ।
- **मिथुन** : आन्तरिक उर्जाको स्रोतमा वृद्धि हुने समय छ ।
- **कर्कट** : सुखको बारेमा चिन्तन बढ्ने समय योग छ ।
- **सिंह** : घरायसी समस्या बढ्ने योग रहेको देखिन्छ ।
- **कन्या** : आफन्तको काममा समय व्यतित हुने योग छ ।
- **तुला** : निर्णय क्षमतामा कमी आउने समय योग छ ।
- **वृश्चिक** : अवसर प्राप्तिका लागि दौडधूप हुने समय छ ।
- **धनु** : मिहिनेतले पुरस्कार र प्रतिष्ठा हात लाग्ला ।
- **मकर** : सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ ।
- **कुम्भ** : व्यक्तित्व र उज्वल भविष्यको चाहना बढ्ने छ ।
- **मीन** : सेवाग्राहीले विश्वास जित्न समय लाग्ने योग छ ।

# उद्योग वाणिज्य संघको आगामी नेतृत्वमा कसले बाजी मार्ला ?



✍ **बिशभ अधिकारी**

मकवानपुर उद्योग वाणिज्य संघको आसन्न निर्वाचनले हेटौंडा बजार तंरगित छ । व्यावसायिक स्थायित्व र संस्थागत विकासका लागि, व्यवसायीहरूको संस्था व्यवसायीहरूको नीति, व्यवसायीहरूको निर्णय भन्ने विभिन्न नारा र अपिलसहित ५८औं वार्षिक सभा यही पुस २४-२७ मा सम्पन्न हुँदैछ । यस वार्षिक सभाबाट आगामी नेतृत्वको समेत चयन हुनेछ । तसर्थ, आसन्न निर्वाचनले यहाँका व्यवसायी, उद्योगी, र राजनीतिक खेमाका मानिसहरू समेत कसलाई समर्थन गर्ने, कुन समूह बलियो छ भन्ने जोडघटाउमा लागेको देखिन्छ । अध्यक्षका उम्मेदवार प्रमोद सिंह रानाभाट र अर्का प्रत्यासी अनिल अग्रवाल आ-आफ्नो समूह बनाएर चुनावी प्रचार-प्रसार अभियानमा होमिसकेका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष पद अन्य संघसंस्थाको अध्यक्षभन्दा तुलनात्मक रूपमा अलि बढी चिनिने, अलि बढी महत्व पाइने, व्यवसायीहरूको छाता संगठन भएकाले पनि स्रोत साधन जुटाउन सक्ने हुँदा यस पदमा आकर्षण छ । अझ तत्कालिन अध्यक्ष राजकुमार न्यौपानेको कार्यकालमा सडक विभागले २५ मिटर सडक विस्तारको काम अघि बढाएको बखत तत्कालिन क्षेत्रीय प्रशासकले बल प्रयोग गरेर सडक विस्तार अभियान राप्तिरोडसम्म आई नपुग्दै न्यौपानेको अग्रसरतामा यो अभियान रोकियो । यससम्बन्धी मुद्दा पनि पऱ्यो, अदालतले पनि रोक्ने काम गऱ्यो । यहाँ नेताहरू पनि रोक्नमा लागे । यसमा जसरी लबिङ गरियो, त्यसमा मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्षको भूमिका देखिन्थ्यो । २५ मिटर प्रकरणमा सडक विस्तार गर्दा १६ मिटर गर्नुपर्छ, नत्र भत्काउने भए मुआब्जा दिनुपर्छ । उद्योग वाणिज्य संघको धारणा यही हो, पूर्वअध्यक्ष कृष्ण कटुवाल भन्नुहुन्छ ।

बजारको संरचना भत्काउन हुँदैन भनेरै बाईपास सडक चौकीटोलदेखि कुष्माण्डसम्म बनाइयो । पछिल्लो समय यसको नेतृत्व डोरमणि सरले गर्नुभयो । यो सडक विस्तार गर्न तत्कालिन अध्यक्ष अरुणराज सुमार्गीले स्वर्गीय पिताजी माधवराज सुमार्गी ट्रष्टको नामबाट एक करोड छुट्याउने काम भयो । तत्कालिन समयमा यो रकमको आकार ठुलै हो । त्यसपछि नगरपालिका र सडक विभागले पनि उक्त सडक निर्माणमा योगदान पुऱ्याएको देखिन्छ । पछि डोरमणि सर मुख्यमन्त्री भएपछि यो बाईपासले महत्व पायो नै । प्रदेश सरकारले वार्षिक रूपमा बजेट विनियोजन गऱ्यो, तर ठूलो योजना भएकाले केन्द्रिय कार्यक्रममै यसलाई समावेश गरिएको छ। तर आवश्यक बजेट परेको भने छैन । जे होस्, अहिले चौकीटोलदेखि कुष्माण्डसम्म बाईपास निर्माण भएको छ। तर यसैलाई राजमार्ग बनाउन कति सम्भव छ ? मिहिन ढंगले सोचौं, यसपालिको वर्षात्मा आएको दुई दिनको अविरल वर्षाले ठूलो जनधनको क्षति गरायो ।

कुलेखानी ड्यामको गेट खोल्ने परिस्थितिमा सिस्नेरी नै तहसनहस भो । एन्फा एकेडेमीका खेलाडी बालकहरूको अनाहकमा ज्यान गयो । काठमाडौं डूब्यो । सिन्धुली-काठमाडौं बीपी राजमार्गमा पुगेको क्षतिले खोला छेउको बस्ती र सडक झन् असुरक्षित देखियो । यस्तो अवस्थामा खोला छेउकै यो बाईपास दिगो र स्थायी हुन सक्छ त ? प्रश्न यहाँ पनि छ । यसरी उद्योग वाणिज्य संघको नेतृत्व व्यवसायीहरू विस्थापित हुने डरले पनि यो मुद्दासँग जोडिन पुग्यो । सडक विस्तार गर्दा व्यवसायीहरू मारमा पर्छन् । तिनलाई व्यवस्थापन गर्नुपर्ने दायित्व र चिन्ता उद्योग वाणिज्य संघलाई हुन्छ नै ।

त्यो बाहेक करको झन्झट, कोरोना र युक्रेनको लडाइँले संसारभर निम्त्याएको आर्थिक मन्दीले नेपाल पनि प्रभावित छ । यहाँ उद्योगहरू बन्द छन् । नयाँ उद्योग आउने औद्योगिक वातावरण छैन । यहाँका व्यवसायीहरू र व्यवसाय नै धरापमा छ । अहिले यस्तो बेलामा व्यवसायीहरूको प्रतिनिधिमूलक संस्थाको जिम्मेवारीमा चुनौती र अवसर दुबै छ । हेटौंडा औद्योगिक नगर हो । अझ देशकै ठूलो औद्योगिक क्षेत्र यहाँ निर्माण हुँदैछ । यहाँ भएको हेटौंडा औद्योगिक क्षेत्रमा उद्योग सञ्चालन गर्न चाहनेहरूलाई जग्गा उपलब्ध गराउन सकिएको छैन ।

औद्योगिक क्षेत्रमा उद्योग सञ्चालन नगर्ने तर जग्गा कब्जा गरेर बस्ने प्रवृत्ति देखिन्छ । तिनलाई निरुत्साहित गर्न जरुरी छ । यस्ता विकृतिहरूमाथि पनि उद्योग वाणिज्य संघको नेतृत्वले ध्यान दिन जरूरी छ । हेटौंडाको विकासको विषयमा पनि उद्योग वाणिज्य संघको चासो देखिन्छ नै । सन्दर्भ हेटौंडालाई अस्थायी राजधानी बनाउने विषयमा तत्कालिन शेरबहादुर देउवाको सरकारको मन्त्रिपरिषद् बैठक बसिरहेको थियो । हाललाई अस्थायी राजधानी काठमाडौंमा राखौं भन्ने प्रमको इच्छा थियो । उक्त बैठकमा कमल थापा उपप्रधानमन्त्रीको हैसियतमा हुनुहुन्थ्यो ।

उहाँले हेटौंडामा अस्थायी राजधानी लैजान जोड गर्नुभयो । बैठक स्थगित भयो केही समयका लागि । त्यही मौकामा कमल थापाले तत्कालिन उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कटुवाललाई फोन गरेर सर्वदलीय बैठक राखेर हेटौंडालाई अस्थायी राजधानी बनाउन सर्वदलीय निर्णय गराउन दवाव सिर्जना गर्नुस् भन्नुभयो । अध्यक्ष कृष्ण कटुवालले सर्वदलीय बैठक आह्वान गर्नुभयो । त्यो बैठकले कति दवाव सिर्जना गऱ्यो, गरेन त्यो एउटा पाटो छ । तर कमल थापाको जोडबलले अस्थायी राजधानी हेटौंडा भयो । पछि त्यसलाई स्थायी राजधानी डोरमणि सरको नेतृत्वमा बनाईयो ।

यसको श्रेय डोरमणि सरलाई जान्छ । हेटौंडाका विकासका धेरै विषयमा उद्योग वाणिज्य संघ पनि प्रत्यक्ष/परोक्ष रूपमा जोडिँदै आएको छ । उपमहानगर पालिकाको थुप्रै अभियानमा उद्योग वाणिज्य संघ सहयोगी हुन सक्छ । संघले उपमहानगरपालिकासँग समन्वय गरेर अघि बढ्न जरूरी छ । करको कुरामा हिजो जसरी उपमहानगरसँग विवाद सिर्जना भयो त्यो बेठिक भयो । उपमहानगरसँग सम्झदारी बनाउँदा व्यापारीहरूको हितमा हुन्छ ।

जस्तो हेटौंडा बजारमा जथाभावी गाडी बनाउने अटो वर्कसप छन्, पशुवधशाला छ र अन्य कारखाना छ । तिनलाई एक ठाउँमा व्यवस्थित गर्न जरुरी छ । हेटौंडाको आर्थिक स्थिति चलायमान बनाउन यहाँको बजार व्यापारलाई पनि व्यवस्थित गर्नुपर्छ । रात्रिकालिन रेस्टुरेन्ट चलाउने वातावरण बनाउने, तरकारी, फलफूल, औषधि राति पनि सहज ढंगबाट उपलब्ध हुने परिस्थिति निर्माण गर्न संघ र उपमहानगर बीच साझेदारी हुन जरूरी छ ।

यस पृष्ठभूमिमा हुन लागेको संघको चुनाव आकर्षक छ । यद्यपि उद्योग वाणिज्य संघको विगतको चुनाव कम रोचक थिएन । पेशागत हितका लागि लड्नु पर्ने गैर-राजनीतिक समूह निर्वाचनमा दुई ध्रुवमा विभाजित हुने, राजनीतिक समूहको साथ र आशिर्वाद खोज्दै हिँड्ने परिस्थिति पक्कै राम्रो होइन । सहमति, सहकार्य, र एकताबद्ध भएर पालैपालो अध्यक्ष हुने समझदारी बनाएको भए व्यवसायीहरूको एकता र मुद्दा प्रखर रूपमा उठाउन सकिन्थ्यो ।

तर त्यो देखिँदैन । उद्योग वाणिज्य संघको इतिहास हेर्दा मोहनबहादुर सिंह हुँदै इन्द्रबहादुर श्रेष्ठ, प्रेमलाल श्रेष्ठ हिटलर, केशव श्रेष्ठ, माधव रिसाल, अरुणराज सुमार्गी, राजकुमार न्यौपाने, भुवनलाल श्रेष्ठ, कृष्ण कटुवाल, कृष्ण अग्रवाल नेतृत्व हुँदै यहाँसम्म आइपुगेको छ । विगतमा चुनावहरू रोचक ढंगबाट भएका उदाहरण छन् । कांग्रेस, एमाले, माओवादी सबैथरीका राजनीतिक दल प्रत्यक्ष/परोक्ष चुनावमा संलग्न भएको देखिएकै हो ।

यसपालि एमाले-माओवादीका समर्थक, शुभचिन्तक, र भोटर कसरी प्रस्तुत हुन्छन् हेर्न बाँकी छ । जेहोस्, चुनावी माहोल तातिँदैछ । उम्मेदवारहरु व्यवसायीहरुकहाँ पुगिरहेका छन् । अध्यक्षका प्रत्यासी अनिल अग्रवालको पृष्ठभूमि व्यापार नै हो । तर, यिनका स्वर्गीय पिताजी कट्टर कांग्रेसी थिए । यिनी पनि आफूलाई कांग्रेस नै भन्छन् । यिनी लामो समय उद्योग वाणिज्य संघको उपाध्यक्षको रुपमा कार्यरत छन् । यिनको एउटा गज्जबको खुबी छ, यिनले हेटौंडाका प्रायः सबै मानिसलाई जन्मदिनको शुभकामना दिन भुल्दैनन् । यिनले जन्मदिन र वैवाहिक वर्षगाँठमा शुभकामना नदिएको कमै मानिस होला । सबैसँग मिल्न सक्ने यिनको स्वभाव छ । यिनी अध्यक्षका बलिया उम्मेदवार हुन् ।

प्रमोद सिंह रानाभाट यिनी पनि व्यापार व्यवसायको साथै कांग्रेसी हुन् । यिनी शालिन छन् । यिनी पनि उपाध्यक्षको जिम्मेवारी सम्हालिरहेका छन् । संघमा रहेर अनुभव बटुलेका छन् । यिनलाई संघ भित्रका पूर्वअध्यक्षहरूको साथ छ भन्ने हल्ला छ । यसरी हेर्दा सरसर्ती दुबैजना नेतृत्वका लागि काविल देखिन्छन् । दुबै जना तीव्र प्रतिस्पर्धामा छन् । दुबै आ-आफ्नो समूह बनाएर प्रचारमा छन् ।

हिजो कुनै बेला कम्युनिष्ट पृष्ठभूमिका व्यापारी भनेर चिनिने ज्योतिरत्न, राजकुमार, अरुण सुमार्गीहरू सतहमा देखिन्थे भने अहिले अनिल र प्रमोद दुबै कांग्रेस समर्थक हुन् । कांग्रेसले कसलाई समर्थन गर्छ त्यो चाहिँ अनिश्चित छ । कांग्रेस मकवानपुर आफैं गुटमा विभाजित छ । कांग्रेसले कांग्रेसलाई हराएको इतिहास मकवानपुर कांग्रेसको पहिचान हो । तर पनि कांग्रेस संगठनात्मक रूपमा बलियो छ मकवानपुरमा । त्यसमा पनि इन्द्र बानियाँ मकवानपुरे राजनीतिका कुशल खेलाडी हुन् । निर्वाचन कसरी लड्नुपर्छ भन्ने माहिर सेटिङका कुल देवता इन्द्र बानियाँले जसलाई बोक्यो उसैले चुनाव जित्छ ।

यिनलाई मन नपरेको मान्छे एउटै गठबन्धनमा भए पनि एउटै पार्टीका नेता भए पनि तिनले चुनाव जित्दैनन् । तसर्थ, इन्द्रको आशिर्वादले ठूलो प्रभाव पार्छ नै । उद्योग वाणिज्य संघको निर्वाचन भएको हुँदा यिनलाई त्यति रुचि नहोला । दुबै उम्मेदवार कांग्रेस निकट भएकाले यिनी निरपेक्ष रहन सक्छन् वा पछि के गर्छन् त्यो समयले नै बताउला ।

जेहोस्, निर्वाचन रोचक हुन्छ नै । अहिले नै नवीकरणको विवाद सुरु भइसकेको छ । व्यापारी विभाजित छन् । प्रतिस्पर्धा तगडा देखिन्छ । हेरौं, कसले व्यवसायीहरूको मन जित्न सफल हुन्छ । मकवानपुर उद्योग वाणिज्य संघको आगामी नेतृत्वमा कसले बाजी मार्ला ? अस्तु ।

# हामी आस्थाका दास होइनौँ, मालिक हौँ !



✍ **प्रा.डा. हरि शर्मा**

एउटा राष्ट्रिय अखबारमा एक जना राष्ट्रिय स्तरकै नेताको अराजक वक्तव्य पढियो । सरकार असफल भए अराजकता निम्तिने । देशमा सरकार छ नै–गठबन्धने नै भए पनि राजकता कहाँ छ ? राजकताको चाहनामा देशवासीको विचल्ली छ । शिक्षादेखि लिएर उपभोग्य वस्तुको वितरणमा अराजकता नै छ ।

संसददेखि सडकसम्मको नियमित देखिने परिदृश्यको चित्र अराजकताले नै भरिएको छ । तरकारी बजारदेखि बिरामीले सेवन गर्ने औषधि बजारसम्म अराजकताका काला बादल फैलिएका छन् ।

विश्वविद्यालयदेखि लिएर अस्पतालहरु सबैमा अराजकता दिगो बनेर रहेको कुनै नागरिकका नजरबाट छिपेको छैन । अराजकता यसरी मौलाउनु भनेको देशभित्र काम नपाई थन्किएर बसेका थोत्रा नेताहरू पुनरुत्थानका लागि सलबलिनु हो । मह र मस्ती, बाखा र सर्प, जलविद्युत र शिक्षाका माध्यमबाट उदाएका रतिमात्र पनि गुण नभएका फजुलका नेताहरूको संख्या यो देशमा कति छ कति !

सांस्कृतिक कार्यक्रमहरूदेखि लिएर, हास्यव्यंग्य कार्यक्रम र कफी हाउसदेखि लिएर पीपलबोट, चिया पसलदेखि लिएर चोक र चौतारी जहाँ गए पनि नेपालको झन्डाको पिन र राष्ट्रिय टोपी ढल्काएर नमस्ते गर्दै हिँड्ने नेताहरूको के कमी छ यहाँ ! हिजो त्यही राष्ट्रिय टोपी लगाउने देशभक्त सामान्य नागरिकलाई राजनीतिक तारो बनाउनेहरू आज स्वयं राष्ट्रिय टोपी र दौरा-सुरुवालमा सजधज भई जनसमक्ष प्रस्तुत भएको देख्दा मन खुसी नै हुन्छ । राजनीति र संस्कृति एवं लोकजीवन एकअर्कामा अन्तर्निहित बन्दै गइरहेको देख्दा नेता कहलिन चाहने व्यक्ति प्रफुल्लित भई पिर्कैमा भए पनि उभिएर म सर्वसाधारणभन्दा फरक छु भन्ठान्छ । पींध नभएको अम्खोराझैं !

त्रिभुवन विश्वविद्यालयमा फैलिँदै गइरहेको पक्षपातपूर्ण राजनीतिक भागबन्डाको अवस्थाले सिर्जना गरेको अवस्थाप्रति देशको प्रमुख नेतृत्वले चासो देखाएको समाचारले राजनीतिले देशलाई पुऱ्याउन खोजेको गन्तव्य संविधानमा कतै उल्लेख छ भनेजस्तो त लागेन । के सरकारमा हुँदैमा लोकतान्त्रिक/प्रजातान्त्रिक

...बाँकी पृष्ठ ३ मा

# हेटौंडामा सडक खाना महोत्सव सुरु

समाज संवाददाता

हेटौंडा: हेटौंडामा प्रत्येक वर्ष आयोजना हुँदै आएको सडक खाना महोत्सव शनिबार सुरु भएको छ । मकवानपुर होटल एसोसिएसनको आयोजनामा हेटौंडा-४ स्थित हुप्रचौरमा ११ औं सडक खाना महोत्सव सुरु भएको हो ।



'हाम्रो सेवा, पर्यटनमा टेवा । सडकमै जाउँ, सडकमै खाउँ र सडकमै रमाउँ' भन्ने नाराका साथ सडक खाना महोत्सव आयोजना गरिएको छ । हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य तथा मकवानपुर होटल एसोसिएसनका अध्यक्ष दिलीश गोविन्द जोशीको सभाध्यक्षतामा महोत्सवको उद्घाटन भएको हो ।

सडक खाना महोत्सवको उद्घाटन गर्नुहुँदै नगर उपप्रमुख राजेश बानियाँले विदेशी पर्यटकलाई हेटौंडा उपमहानगर पालिकाभित्र भित्र्याउनका लागि प्रयास गरिरहेको बताउनुभएको छ । हेटौंडाको पर्यटन क्षेत्रको विकास एवम् पर्यटन क्षेत्रको टेवा गर्दै पर्यटन प्रवर्द्धन गर्नका लागि पनि विदेशीलाई भित्र्याउने प्रयास गरिर हेको उहाँले बताउनुभयो ।

हेटौंडाको हरेक सहिद स्मार कलगायत अन्य ठाउँहरुमा विदेशी पर्यटकको आकर्षण बढाउने प्रयासमा लागेको उहाँले बताउनुभयो । स्थानीयसँग सहकार्य गरेर राष्ट्रियस्तरको कार्यक्रमको आयोजना गर्दै गर्दा पर्यटन प्रवर्द्धन र टेवाको विषयमा पनि छलफल गरिने उहाँले बताउनुभयो । आर्थिक मन्दीको अवस्थामा पनि होटल एसोसिएसनले विगतका वर्षजस्तै यस वर्ष पनि सडक खाना महोत्सवको आयोजना गरेकोमा उहाँले खुशी व्यक्त गर्नुभयो ।

स्थानीय, प्रदेश र केन्द्रीय सरकारले पर्यटन क्षेत्रको विकास गर्न सक्नुपर्ने उहाँको भनाइ छ । व्यवसायीबिना आर्थिक विकासको सम्भावना नहुने नगर उपप्रमुख बानियाँले बताउनुभयो । सबै उद्योगीहरुले एक अर्काबीच सहकार्य गरेर उद्योग क्षेत्रको विकास गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

एसोसिएसनका अध्यक्ष जोशीले २०६५ सालदेखि नै सडक खाना महोत्सव आयोजना गर्दै आएको बताउनुभएको छ । उहाँले महोत्सवमा सबै मानिसहरुको आकर्षण बढेका कारण मनोबल उच्च भएको धारणा राख्नुभयो । विभिन्न समस्या भोग्दै आएकोमा उपमहानगरपालिकाले महोत्सवको लागि आर्थिकरुपमा सहयोग गरेकोमा उहाँले खुशी व्यक्त गर्नुभयो ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले पर्यटन क्षेत्रको विकास गर्नका लागि राज्यले ध्यान पुऱ्याउन आवश्यक रहेको बताउनुभएको छ । पर्यटनको विकासले आर्थिक क्रियाकलाप वृद्धि हुने उहाँको भनाइ छ । विकास भनेको भौतिक पूर्वाधारको निर्माणमात्र नभई आर्थिक र सामाजिक रुपान्तरणमा जोड्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

मकवानपुर उद्योग वाणिजय संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले खाना महोत्सवको आयोजना गर्दा जिम्मेवार बन्न आवश्यक रहेको औंल्याउनुभयो । व्यापार व्यवसायको प्रवर्द्धन गर्नका लागि उपभोक्ताको स्वास्थ्यलाई बुझेर पोषणयुक्त खाना बिक्री वितरण गर्न आवश्यक र हेको उहाँको भनाइ छ ।

महोत्सवमा ५१ वटा स्टलहरु र हेका छन् । स्वादका पारखीलाई मौलिक खानाको स्वाद दिलाउने र होटल व्यवसायीको व्यावसायिक प्रवर्द्धनका लागि सुरु भएको सडक खाना महोत्सव मंगलबारसम्म सञ्चालन हुनेछ । महोत्सवमा खानाका परिकारको स्टलहरुसँगै अन्य खेलहरुको पनि स्टल र हेको छ ।

उद्घाटन समारोहमा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, वस्तुगत उपाध्यक्ष राजु अधिकारी र ११ नम्बरकी वडाध्यक्ष जुना दहालको पनि उपस्थिति रहेको थियो ।

### सगरमाथाको सेयर सदस्य ६,७२१

# साधारणसभाको अवसरमा वृक्षरोपण

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ स्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्थाको २३औं वार्षिक साधारणसभा शनिबार हेटौंडामा सम्पन्न भएको छ । सहकारीका अध्यक्ष आयुष डोटेलको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यमा सहकारीको साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभामा प्रस्तुत गरिएको प्रतिवेदनअनुसार सहकारीको आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा सहकारीको सेयर सदस्य ६ हजार ७ सय २१ जना रहेको छ । सहकारीप्रति व्यापक आशंका बढिरहेका बेला सगरमाथामा भने सेयर सदस्यको वृद्धिदर उच्च रहेको छ । अघिल्लो आर्थिक वर्षमा ५ हजार ६ सय ३ जना सेयर सदस्य रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा १ हजार १ सयको संख्यामा नयाँ सेयर सदस्य थपिएको हो । अघिल्लो आर्थिक वर्षको तुलना २० लाख रुपैयाँ बढेर सहकारीको सेयर पुंजी २ करोड ७९ लाख ५७ हजार रुपैयाँ रहेको छ भने बचत २० करोड ७१ लाख १४ हजार रुपैयाँ रहँदा ऋण लगानी १८ करोड ९७ लाख ३६ हजार रुपैयाँ रहेको छ । सहकारीको साधारणसभाको अवसरमा उत्कृष्ट बचतकर्ता, ऋणी, कर्मचारीलाई सम्मान समेत गरेको छ ।

यसैबीच सहकारीले वार्षिक साधारणसभाको अवसरमा हेटौंडा-९ स्थित कुष्माण्ड सरोवर त्रिवेणीधाममा वृक्षरोपण गरेको छ । धार्मिकस्थलमा अमला, निमलगायत जडिबुट्टीजन्य वृक्ष रोप्नुका साथै बिरुवालाई हुर्काउने जिम्मेवारी पनि पूरा गरिने अध्यक्ष आयुष डोटेलले जानकारी दिनुभयो । उहाँका अनुसार वृक्षरोपण कार्यक्रममा लायन्स क्लबसँग समेत सहकार्य गरिएको छ ।

# श्रमिक सुरक्षित सहकारीको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ स्थित श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सहकारीका अध्यक्ष नवराज अर्यालको अध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रिप्रसाद लम्सालको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो । साधारणसभामा वडाध्यक्ष नवीन सिग्देलको पनि आतिथ्य रहेको थियो ।

आर्थिक वर्ष २०८०/८१ को आर्थिक प्रतिवेदनअनुसार २ हजार २२ जना सेयर सदस्य रहेको सहकारीको सेयर पुँजी ३ करोड १३ लाख ७५ हजार रुपैयाँ रहेको छ । सहकारीमा १६ करोड ८५ लाख ८१ हजार रुपैयाँ बचत संकलन गरेको सहकारीले १६ करोड ४ लाख २३ हजार रुपैयाँ ऋण लगानी गरेको छ । साधारणसभाको अवसरमा सहकारीले ज्येष्ठ सदस्य हाजिरमान भुलुन र जगतमाया बासुकला, नियमित मासिक बचतकर्ता रामकुमार भट्टराई र निला सुवेदी, अधिकतम बचत गर्ने सदस्य विनोद कुमार पुडासैनी, ऋणमा अधिकतम ब्याज तिर्ने कमल श्रेष्ठ, नियमित ऋणको किस्ता भुक्तानी गर्ने प्रविणा कुमारी कार्कीलाई सम्मान गरिएको छ । यस्तै सेयर सदस्य परिवारका विद्यार्थी मध्ये कक्षा-१० मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी सन्ध्या देउजालाई सम्मान गरिएको थियो ।

## हामी आस्थाका...

लोकमान्यताहरुलाई, सिद्धान्त, नीति-नियम र एउटा सभ्य समाजका परिचायक तत्वहरूलाई यसरी लुछाझम्टी गर्न मिल्ने हो ? अब त स्वच्छ छवि बनाइराखेका हाम्रा अन्य विश्वविद्यालयहरुमा पनि यस्ता बेथितिहरूको पुनरावृत्ति हुँदै गइरहेको निराशाजनक समाचार प्रकाशमा आएका छन् । प्रधानमन्त्रीकै हातबाट गलत काम गराइन्छ र सबै भण्डाफोर भइसकेपछि मानवीय त्रुटि भनेर समाचारको खण्डन गर्ने प्रयास हुन्छ । हामीले आफ्नै शिक्षा पद्धतिमाथि किन कुठाराघात गरिराखेका छौं ? मुलुकको सबैभन्दा ठूलो बजेट उच्च शिक्षातर्फ जान्छ ।

विश्वविद्यालयहरूलाई उच्च शिक्षाका लागि एउटा निष्पक्ष र सक्षम विज्ञहरूको कार्यथलोका रूपमा विकसित गर्दै जाने, हाम्रा विद्यार्थीहरूलाई स्वदेशमै स्तरीय शिक्षा प्रदान गर्ने निकायहरूलाई सरकारले जस्तै अवस्थामा पनि ठीक राख्न विगतदेखि नै भरमग्दुर प्रयास गर्दै आएको हो, त्यसमा दुईमत हुन सक्तैन । तर, कतिपय राजनीतिक पूर्वाग्रहले ग्रस्त विद्वान् विदुषि प्राध्यापक र प्रशासकहरूले दिल्लीको जेएनयुजस्तै बनाउने भ्रामक स्वप्नमा स्वयंलाई बिर्सिदिए । आफ्नो उत्तरदायित्वबाट टाढिएर भोलिका दिनमा सम्पूर्ण प्राज्ञिक समूहलाई नै राजदूत बन्ने, मन्त्री बन्ने, सिंहदरबारका आयोग र समितिहरूमा अध्यक्ष बन्ने जस्ता प्रलोभनमा डुबेको सम्पूर्ण देशले देखेकै छ । प्राध्यापन पेसाबाट अवकाश पाएपछि पनि आफ्नो प्राज्ञिक सक्रियतालाई सेलाउन नदिने अनेकन् श्रद्धेय प्राध्यापकलाई हामीले देखेकै छौं । समाज ती द्विगजहरूप्रति अझै पनि नतमस्तक छ, रहिरहनेछ ।

जनसंख्याका हिसाबले र भौगोलिक अवस्थितिका दृष्टिकोणले समेत हामीलाई अहिले तुरुन्तै विश्वविद्यालय खोलिनुपर्ने आवश्यकता नहुँदा नहुँदै पनि 'नेपाल विश्वविद्यालय' गठन भएको समाचारप्रति प्राज्ञिक जगत्को आकर्षण बढेको छ । केयु आउँदा पनि हामी बडो उत्साहित भएका थियौं । केयुले आफ्नो स्थापनाकालदेखि नै समाजले अपेक्षा गरेअनुसारको फल दिएकै हो । तर, किन आज आएर 'मानवीय त्रुटि' को सिकारमा एउटा अमर्यादित छवि बोक्नुपऱ्यो । यही प्रकारको त्रुटि यदि विश्वका अन्य विश्वविद्यालयहरूमा हुन्थ्यो भने त्यो कति निन्दनीय ठहरिन्थ्यो होला ? केयुमा सेवारत श्रद्धेय प्राज्ञिक व्यक्तित्व एवं अन्य अध्ययन-अनुसन्धानमा संलग्न कसैबाट पनि यस्तो दुष्कर्मप्रति कुनै प्रकारको पनि सहानुभूति रहनु हुँदैन, नरहोस् ।

आजको विश्वमा राजनीतिक सञ्चेतना सबैमा रहनु अस्वाभाविक होइन । तर, राजनीतिको चोला भिरेर शिक्षाजस्तो पवित्र निकायमा आफ्नो पूर्वाग्रहलाई निकृष्ट रुपमा प्रस्तुत गरिनु सभ्य र सुसंस्कृत समाजलाई ग्राह्य नहोला । राज्यले आफ्नो सबैभन्दा ठूलो लगानी यसै क्षेत्रमा गरेको छ । आर्थिक वर्ष सन् २०२४-२५ का लागि शिक्षा मन्त्रालयले २०३.६६ अर्ब रुपैयाँ प्राप्त गरेको छ । जसमध्येबाट ५७.७० अर्ब संघतर्फ, ४.६१ अर्ब प्रान्तीयतर्फ र १४१.२६ अर्ब स्थानीय पालिकाहरूतर्फ जानेछ । जनताले तिरेको कर र आन्तरिक तथा बाह्य ऋणबाटै राज्य सञ्चालनको खर्च जुट्छ । यति ठूलो लगानी हुने शिक्षा क्षेत्रका लागि स्पष्ट र पारदर्शी, समाजका लागि हितकारी एवं त्यस क्षेत्रलाई सबल र सक्षम बनाउन जुटेका तमाम देशभक्त राष्ट्रसेवकहरूको प्राज्ञिक क्रियाकलापमा पूर्वाग्रह सिञ्चित स्वार्थका धब्बा लाग्न नदिन विश्वविद्यालय प्रशासन सधैं सचेत रहनुपर्छ । त्यसका लागि राज्यले उपयुक्त नीति र वातावरण पनि बनाइदिनुपर्छ । राजनीतिक दलहरुले आफ्ना लडाकु तयार पार्ने अखाडा बनाइनु हुँदैन, विश्वविद्यालयहरुलाई ।

अक्सफोर्ड, लन्डन स्कुल अफ इकोनमिक्स, एमआइटी, हार्वर्डहरूको सम्झना गरौं । तत्काल हामी त्यहाँ पुग्न नसकौंला, तर त्यो बाटोको अनुकरण गर्न हामीलाई कसले रोक्न सक्छ ? अहिले पनि हाम्रा विश्वविद्यालयहरूमा प्रा. यदुनाथ खनाल, प्रा. ऋषिकेश शाह, प्रा. लोकराज बराल, प्रा. के.पी. मल्ल, प्रा. सूर्य सुवेदी, प्र. सुवर्ण शाक्य, प्रा. तारानाथ शर्मा, प्रा. सुरेशराज शर्मा, प्रा. प्रकाशचन्द्र भट्टराई, प्रा. दयानन्द बज्राचार्य, प्रा. नीलम श्रेष्ठ प्रधान, प्रा. राममोहन महतो, शिक्षाविद् प्रा. राजेन्द्र रोगगोंग, प्रा. नोबेल किशोर राई, प्रा. शंकरराज पन्त, प्रा. दिव्यासिंह शाह, प्रा. पार्थिवेश्वर तिमिल्सिना र प्रा. उपेन्द्र मल्ल आदिको विरासत (लिगेसी) दिनहुँ बढ्दो मात्रामा छ । यो विरासतलाई दिगो बनाउँदै, युगानुकूल बनाउँदै, यिनको यथोचित मान-सम्मान गर्दै संरक्षण गर्नु र चासो लिइराख्नु राज्यको महान् जिम्मेवारी हो ।

अवकाशप्राप्त प्राध्यापकहरूको निवृत्तभरण (पेन्सन) राज्यले ती प्राध्यापकको घर-घरै पुऱ्याइदिने व्यवस्था गर्नुपर्छ । वृद्धावस्था वा अस्वस्थताका कारण कैयौं प्राध्यापक औंठाको ल्याप्चे लाएर 'म जीवितै छु' घोषणा गर्न बैंकसम्म पनि जान नसक्ने अवस्थामा हुन सक्छन् । प्राध्यापकहरू राज्यका रत्न हुन् । सरकारले बिर्सन नहुने कुरा हो यो । हाम्रो समाजका यी रत्नलाई भाडबन्डाको ट्यापमा पारेर भोलिको भविष्य नबिगारौं । प्राज्ञिक क्षेत्रमा यस्ता दुष्कर्मका अथाह सम्भाव्यता छिरलिएर रहेका छन् । तिनका बारेमा थप खोजीको खाँचो छ । प्राध्यापकहरू वास्तवमा ज्ञानका हिउँले ढकमक्क ढाकिएका हिमालजस्तै हुन् । देशको चातुर्दिक उन्नयनका हकदार यिनै हुन् । नेपालमा यिनको मानमर्यादा, प्रतिष्ठा र साख सधैं उच्च रहोस् । आउँदो पुस्ताले अझै पनि यिनले देखाएको आत्मसम्मान र राष्ट्रप्रेमको न्यानो घाम ताप्न पाइरहून् ।

राजनेता बनौं । पाखण्डी नबनौं । जनजीवनका हरेक पक्षलाई राजनीतिक कोणबाट मूल्यांकन गर्नु अपराध हो । राष्ट्र निर्माणमा आफ्नो बर्कतले भ्याएसम्म इमानदारीपूर्वक कर्तव्यनिष्ठ रही आफ्नो उत्तरदायित्व पूरा गर्नु सबैको कर्तव्य हो नै । त्यही बाटोमा हिँडौं । बकवेदान्ती नबनौं । मञ्च भेट्टायो कि भाषण गर्न नतम्सौं । मूल्यांकन कामको हुन्छ, न कि आडम्बर को ! युवाहरुमा हाम्रो विश्वास बढाउँदै लैजानुपर्छ । तिनले बोलेको, गरेको र उचालेका मुद्दाको इज्जत गरौं । यी नै हाम्रो भविष्यका निर्माता हुन् । सुनिन्छ, कुनै राजनीतिक दलका कर्मठ युवाले ठाउँ-ठाउँमा बाँझो जग्गा लिएर त्यहाँ व्यवस्थित ढंगले खेती-किसानी गरिरहेका छन् । त्यो स्तुत्य छ । केही निजी क्षेत्रका संगठनहरुले बिदेसिन खुट्टा उचालिसकेका युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाइदिएका छन् । सरकार तिनलाई लखेट्न उद्यत छ ।

हालै राजधानीमा सम्पन्न एनपिएलको पहिलो संस्करणले प्रमाणित गरिदिएको छ, नेपाली युवाको अदम्य आत्मबल र आत्मविश्वासलाई । पार्टीका झोले, प्रहरी वा सिआइबीका आडमा देश सिँगारिँदैन । त्यहाँ चाहिने एकमात्र तत्व हो, इमानदार र जागरुक युवा, हिजोसम्म राष्ट्रबाट ठगिएका दुर्गम भेग र मधेस प्रदेशका युवाहरुमा अत्यन्तै आसलाग्दा लक्षणहरु देखा परिरहेका छन् । तिनको पहिचान गरी राज्य सञ्चालनमा, देश विकासका काममा र नेपाललाई एउटा सु-सम्पन्न समृद्ध मुलुकका रुपमा विश्वसामु चिनाउन हामी जुट्नुपर्छ । वृद्धवृद्धाहरूको अर्थात् ज्येष्ठ नागरिकको स्वास्थ्य बिमा त गऱ्यौं, तर अस्पतालहरुमा आवश्यक औषधिको उपलब्धता खोइ ? सरकारका मन्त्रीहरु पनि ठेकेदार जस्ता छन् । खर्चमा कहीँ केही स्पष्टता नदेखिने । वर्ष दिनपछि महालेखाको लेखा परीक्षणपश्चात् ढिकाका ढिका बेरुजुहरू देखिन्छन् । ती बेरुजु असुलउपर भएको चाहिँ आम नागरिकलाई केही थाहा हुँदैन, फेरि अर्को वर्षको बेरुजुमा थप भएर बेरुजु बढिरहेको हुन्छ । जनताको करको धन बालुवामा पानी मिसिएझैं सुकेर जान्छ ।

सुशासनका कुरा त हामी धेरै गर्छौं, तर सुशासनको प्रारम्भ पनि गर्न नसक्ने; शासनको बागडोर लिएकाहरुले सुशासनको नाम पनि सुन्न चाहेजस्तो लाग्दैन । भ्रष्टाचारको उन्मूलन गर्ने प्रयास अहिलेको सरकारबाट पनि हुने सम्भावना न्यून छ । बरु अख्तियारको कार्यक्षेत्रलाई नै बाधक हुने नीति निर्माणहरूको तयारी पो हुँदै छ कि ? गृह मन्त्रालयसँग रहेको भ्रष्टाचारको फाइलभन्दा पनि पृथक् खालका धेरै कुरा सामाजिक सञ्जालमा ओइरिरहेका छन् । तिनको यथार्थताबारे सरकारका माध्यमहरू गुपचुप बसेका छन् । जनताले जान्ने-बुझ्ने त सञ्चारमाध्यमहरुबाटै हो । द इकोनोमिक टाइम्स र ग्लोबलवाच एनालाइसिसका रिपोर्ट वाहियात हुन् वा यथार्थ ? त्यसतर्फ पनि आउँदो संसद्मा छलफल हुनुपर्छ । सरकारले दम्भ देखाउने होइन ।

दुष्प्रचारका विरुद्ध सत्यतथ्यलाई जनसमक्ष ल्याएर राखिदिनु पनि सुशासनतर्फको एउटा पाइला नै मानिनेछ । महाद्वीपकै सबैभन्दा बढी भ्रष्टाचारी नेताहरुले चलाएको देश नेपाल भनेर अन्तर्राष्ट्रिय माध्यमहरूले हेडलाइन राखेर नामसमेत उल्लेख गरेको सन्दर्भमा नेपाल सरकार मौन बस्छ । मौनताको अर्थ सम्मत रहनु हो । कूटनीति र परराष्ट्र नीतिमा समेत हाम्रै कमजोरीका कारण परराष्ट्र मन्त्रीको बचनवद्धताको बाबजुद विपिन जोशीबारे केही थप जानकारी पाउन नसकिएको हो । रुसले नेपाली सैनिकलाई स्वदेश फिर्ता गर्ने आश्वासनमूलक समाचार त आए, तर सँगसँगै झन्डै ५० भन्दा बढी नेपाली मूलका रसियन सेनाहरु युक्रेनको लडाइँमा मारिएको वा बेपत्ता पारिएको जस्ता अप्रिय समाचारले देशमा शोक व्याप्त छ ।

जनताले सुसूचित हुन पाउने अधिकार बिस्तारै गुमाउँदै गइरहेका छन् । देशले यस्तै यथास्थिति बेहोर्दै जाने अवस्था र हिरह्यो भने कतै न कतैबाट प्रमिथसले आगो लिएर आउनेछन् भन्नेबाहेक अब आशा नै केको र कसको रह्यो र ? जनताले आफ्नै माटोमा नैराश्यताको भारी बोकेर एआईजस्तो आधुनिकतम प्रविधिको उकालो भ्याउन अझ कति हम्मेहम्मे हुँदै जाने हो ! पंक्तिकारको यस आलेखको आशय यत्ति हो– हामी आस्थाका दास होइनौं, मालिक हौं । *(स्रोत: कारोबारदैनिक)*


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


नेपाल सरकार
महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
**बाल सुधार गृह**
हेटौंटा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आशयपत्र सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१४)*

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएको बोलपत्र मध्ये तपसिल ठेक्का नं. र बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी भएकोले सार्वजनिक खरिद (संशोधन सहित) ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्वीकृत भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सूचना नं. तपसिल : | विवरण | निर्माण कम्पनीको नाम, ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| १ | CCH/WORKS/ 01/81/82 | Construction of Compound Wall, Child Correction Home, Hetauda-11 | शिव (स्काइ जे.भी., हेटौंडा | २४,११,९९६.०० (भ्याट सहित) |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वनस्पति विभाग**
**वनस्पति अनुसन्धान केन्द्र**
मकवानपुर

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

*प्रथम पटक प्रकाशित मिति: २०८१/०९/१४*

यस अनुसन्धान केन्द्रको आ.व. २०८१/८२ को निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र नं. PRC/MAK/SQ/WORKS/२०८१/८२-०१ (Fencing Work at Brindaban Botanical Garden, Hetauda) सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://www.bolpatra.gov.np/egp/ मा प्रकाशित गरिएकोले विस्तृत विवरण सोही वेबसाईटमा हेरी तोकिएको समयभित्र E–Bid मार्फत सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**कार्यालय प्रमुख**

## प्रदेश लिग फुटबल

# नुवाकोट र सिन्धुपाल्चोक विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा नुवाकोट र सिन्धुपाल्चोकको टिम विजयी भएका छन् । बागमती प्रदेश फुटबल संघको आयोजनामा हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रङ्गशालामा शनिबार भएको खेलमा नुवाकोटको बट्टार युथ क्लब र सिन्धुपाल्चोकको चौतारा स्पोर्टिङ एफसी विजयी भएका हुन् ।

शनिबारको पहिलो खेलमा बट्टार युथ क्लबले दोलखाको टाइगर टिमलाई २-१ गोल अन्तरले हराएको छ । नुवाकोटको तर्फबाट इशान शाहले १८ मिनेटमा गोल गर्दै पहिलो अग्रता दिलाएका थिए । दोस्रो हाफको ३४ औं मिनेटमा सन्तोष थापाले गोल गर्दै टिमलाई जिताएका हुन् । दोलखाबाट शम्भुजन श्रेष्ठले ३२ औं मिनेटमा सान्त्वना गोल गरेका थिए । बट्टार युथ क्लबका किसान साह म्यान अफ द म्याच घोषित भए ।

यस्तै, दोस्रो खेलमा सिन्धुपाल्चोकको चौतारा स्पोर्टिङ एफसीले भक्तपुरको थिमी एफसीलाई ४-२ गोलअन्तरले पराजित गरेको छ । सिन्धुपाल्चोकबाट सागर तामाङले १२ मिनेटमा गोल गरेका थिए । कृश सापकोटाले ३५ मिनेटमा गोल गर्दै अग्रतालाई बढाएका थिए । एलिक श्रेष्ठले ३२ मिनेटमा र ६६ मिनेटमा २ गोल प्रहार गर्दै भक्तपुरका लागि ४-० गोलको दबाब दिएका थिए ।

गोलरहित दबाबमा परेको भक्तपुरका लागि शैलेस महतराले गोल गर्दै केही साहानुभूति प्राप्त गरेका थिए । खेलको अन्तिम समयमा अस्मिन तामाङले सान्त्वना गोलमात्र प्रहार गर्न सफल भए । समूह चरणको खेलबाट भक्तपुर र नुवाकोट बाहिरिएको छ ।

लिग-कम नकआउट प्रणालीमा सञ्चालन भएको प्रतियोगितामा ११ जिल्लाको लिग विजेता टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल पुस २० गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः २ लाख र १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

# जेसीआई हेटौंडामा पंकजको प्यानलै विजयी




*नवनिर्वाचित अध्यक्ष, कार्यकारिणी उपाध्यक्ष र उपाध्यक्षहरु ।*

समाज संवाददाता

हेटौंडा : जेसीआई हेटौंडा वर्ष २०२५ का लागि पंकज दास बनियाँको प्यानल नै विजयी भएको छ । शनिबार सम्पन्न निर्वाचनबाट अध्यक्षमा ९२ मतसहित बनियाँ निर्वाचित हुनुहुँदा ८८ मतसहित विवेक आनन्द न्यौपाने पराजित हुनुभयो ।

कार्यकारिणी उपाध्यक्षमा बनियाँ प्यानलकै सन्तोष पराजुली (१०२ मत) र विश्वप्रसाद गौतम (१०१ मत) विजयी हुँदै गर्दा न्यौपाने प्यानलका सुदीप तिमल्सिना (८५ मत) र गंगाप्रसाद पौडेल (७० मत) पराजित हुनुभयो । उपाध्यक्षमा किरण आले (१६६ मत), विवेक फूँयाल (१४८ मत), प्रविण श्रेष्ठ (१२८ मत) र कुशल रिजाल (११३ मत) निर्वाचित हुनुभएको छ । उपाध्यक्षका आकांक्षी शिशिर पराजुली (८२ मत) र विराज गौतम (७८ मत) पराजित हुनुभयो ।

जेसीआई हेटौंडाका एक सय ९९ सदस्य मध्ये शनिबार सम्पन्न निर्वाचनमा एक सय ८० जनाले मतदान गरेका थिए । एक वर्षे कार्यकाल रहने जेसीजमा अध्यक्षले महासचिव, कोषाध्यक्ष, कानुनी सल्लाहकार सहित विभिन्न पदमा मनोनित गर्नेछ । ४० वर्ष भन्दा कम उमेरका युवाको नेतृत्व र व्यक्तित्व विकास गर्ने जेसीज अन्तर्राष्ट्रिय संस्थाको रुपमा स्थापित छ ।

## अखिल क्रान्तिकारी मकवानपुरमा

# उमेर हदको पक्षमा ३ मत, विपक्षमा १७ मत

समाज संवाददाता

हेटौंडा : नेकपा माओवादी केन्द्र सम्वद्ध अखिल क्रान्तिकारीमा विद्यार्थी नेताका लागि उमेर हद कायम गर्ने नगर्ने भन्ने निश्चित गर्न मतदान भएको छ । शनिबार देशका ७७ वटै जिल्लामा मतदानको कार्यक्रम भएको छ । मकवानपुर जिल्लामा पनि मतदान भएको छ ।

अखिल क्रान्तिकारीको नेतृत्वमा रहन ३२ वर्ष उमेर हद कामय गर्ने वा उमेर हद कायम नगरी खुला राख्ने भन्ने विषयमा मतदान भएको हो । उमेर हद निश्चित नभएकै कारण गत असोज १० गते सुरु भएको महाधिवेशनले नयाँ नेतृत्व चयन गर्न सकेको थिएन । शनिबार भएको निर्वाचनले नै उमेर हद कायम गर्ने, नगर्ने निश्चित भएसँगै पुस १७ गते महाधिवेशनको बाँकी प्रक्रिया पूरा गर्नेछ । मकवानपुरमा ३८ जना मतदाता रहेकोमा २० जनाले मात्रै मतदान गरेको निर्वाचन समिति सदस्य राजकुमार केसीले जानकारी दिनुभयो । नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा भएको निर्वाचनमा खसेको २० मतमध्ये १७ मत उमेर हद कायम गर्न नहुने पक्षमा छ भने ३ मत उमेर हद कायम गर्नुपर्ने पक्षमा रहेको निर्वाचन समितिका सदस्य केसीले जानकारी दिनुभयो ।

## इलाइट कपमा सन्दीप बागमतीको कप्तान

# मकवानपुरका ढकाल र कंशाकार पनि प्रदेश टिममा

समाज संवाददाता

हेटौंडाः इलाइट कप क्रिकेट प्रतियोगिताका लागि बागमती प्रदेश टिमको घोषणा गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा हुन लागेको २ दिवसीय क्रिकेट प्रतियोगिताका लागि सन्दीप लामिछानेको कप्तानीमा १७ सदस्यीय बागमती प्रदेशको टिम घोषणा गरिएको छ ।

जनकपुर र वीरगञ्जमा हुने प्रतियोगिताका लागि १७ सदस्य टोलीको घोषणा गर्दा मकवानपुरका रिजन ढकाल र शुभ कंशाकार पनि पर्न सफल भएको हो । क्यानले आयोजना गरेको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगितामा ढकाल चितवन राइनोज र कंशाकार जनकपुर बोल्ट्सबाट खेलेका थिए । रिजन बायाँ हाते तीव्र गतिका बलर हुन् भने कंशाकार व्याट्सम्यान हुन् ।

प्रतियोगितामा बागमती प्रदेश, त्रिभुवन आर्मी क्लब, मधेश प्रदेश लगायतका टिमहरुको सहभागिता रहनेछ । बागमती प्रदेशको टिममा सूर्य तामाङ, प्रतिश जिसी, उत्तम थापा मगर, आशुतोष घिरैया, रित गौतम, इशान पाण्डे, विपीन आचार्य, रोविन जोशी, रोहन विश्वकर्मा, अशोक पौडेल, सूर्यान्सु कोइराला, नन्दन यादव, प्रतीक श्रेष्ठ, तिलक राज भण्डारी र दयानन्द मण्डल छनोट भएका छन् ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ